# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

बाग्लुङ जिल्ला साविक भिमगिठे गा.वि.स. हाल बडीगाड गाउँपालिका-७ मा रहेको श्री माझखर्क प्राथमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक (प्र.अ.) विजय बहादुर थापाले सोही विद्यालयमा अध्यापन गराउने अस्थायी शिक्षिका चन्दा थापा २०७२ चैत्र देखि विद्यालयमा अनुपस्थित भई जापान गएकोमा निज प्र.अ. विजय बहादुर थापाले शिक्षिका चन्दा थापाको नाममा २०७३ फागुनसम्मको तलब भत्ता माग गरी खाई मासी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज प्रधानाध्यापक विजय बहादुर थापाले अस्थायी शिक्षिका चन्दा थापा लामो समयसम्म विद्यालयमा नरहेको अवस्थामा विदा समेत स्वीकृत वा सोको जानकारी साविक जिल्ला शिक्षा कार्यालय, बाग्लुङलाई समेत नगराई बदनियतपूर्वक निजको सट्टामा कानूनी प्रक्रिया विपरीत आकाश थापा र अस्मिता घर्तीलाई सट्टा शिक्षक नियुक्ति गरी मिति २०७२ चैत देखि २०७३ फाल्गुन सम्मको तलवभत्ता रू.२,८१,३०१।-(दुइ लाख एकासी हजार तीन सय एक) रकम नक्कली कागजात खडा गरी बदनियतपूर्ण तरिकाबाट निकासा माग गर्नुको साथै खर्च समेत गरेको देखिदा तत्कालीन प्रधानाध्यापक विजय बहादुर थापाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर देखिएकोले निजलाई रू.२,८१,३०१।-(दुइ लाख एकासी हजार तिन सय एक) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ ) बमोजिम सजाय हुन र सट्टा शिक्षकमा अध्यापन गराउने आकाश थापाले गैरकानूनी तवरले चन्दा थापाको नामबाट तलब निकासा माग गर्न र निजको हाजिर कापीमा २०७३ असोज मसान्त सम्मको नक्कली हाजिर गरी सरकारी रकम लिन र खान मतियारको भूमिका निर्वाह गरेको हुँदा निज आकाश थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता